महालेखापरीक्षकको
वार्षिकप्रतिवेदन
२०७९
गौशाला नगरपालिका
महोत्तरी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि(Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य(Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and QualityAudit Service to the Nation)

मूल्य मान्यता(Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७।०७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण निर्देशनालय, मधेश प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ४२४

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख/अध्यक्षज्यू,
गौशाला नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
महोत्तरी ।

कैफियत सहितको राय

हामीले गौशला नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा,यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोवार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ।

२. लेखापरीक्षणबाट रू.६ करोड ८८ लाख ४६हजार बेरुजू देखिएको छ। उपर प्रमाण प्रतिकृया प्राप्त भएको छैन । बेरुजू मध्ये असुल गर्नुपर्ने रू.६ करोड ८८ लाख ४७ हजार,प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ६० लाख ५० हजार, नियमित गर्नुपर्ने रू. ७७ लाख ९० हजार र पेश्की रू.२ करोड १८ लाख ३४ हजार रहेको छ ।नगरपालिकाको गतवर्ष रू. ४३ करोड ३ लाख ६१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रू. ४८ करोड ६६ लाख ९९ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ।वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं।त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन।वित्तीय विवरणकाउपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पदमराज पौडेल)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034,A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798,Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.npWebsite : www.oag.gov.np

गौशाला नगरपालिका

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
६२	१०१	६८८४७	०	०	०	६२	१०१	६८८४७	१३१७३	७७९०	२६०५०			४७०१३	२१८३४

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
गौशाला नगरपालिका,महोत्तरी	४३०३६१		१२५०९	४१७८५२		६८८४७	४८६६९९

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : गौशाला नगरपालिका, महोत्तरी , गौशाला नगरपालिका , महोत्तरी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	विरेन्द्र जंग थापा	२०७८-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	सन्जिब बराल	२०७७-४-१	२०७८-३-३१
		बेरुजु रकम	६८,८४६,९८१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३१,७६,४३,११९	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४८,०९,५७,८१०	**चालु खर्च**	२९,८०,७८,००३
प्रदेश सरकारबाट अनुदान	२,०९,७३,०००	**पूँजीगत खर्च**	२६,३८,००,०४२
राजश्व बाँडफाँट	१२,५८,१४,६१३	**वित्तीय/अन्य व्यवस्था**	३३,८५,७३,३६२
आन्तरिक आय	३,४३,३१,९५३		
अन्य आय	१९,१४,५५,०४५		
कुल आय	८५,३५,३२,४२१	**कुल खर्च**	९०,०४,५१,४०७
बाँकी मौज्दात		२७,०७,२४,१३३	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७८ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक विवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य विवरण तथा लेखापरीक्षणका मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी नगरपालिकाको आर्थिक बर्ष २०७७।७८ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । स्रेस्ताको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । स्रेस्ताको जोडजम्मा तर्फ कार्यालयले गरेको जोडजम्मालाई आधार लिइएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छनः-	
२			**परिचयः** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्वेश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गौशाला नगरपालिकाको उद्वेश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, ६४ सभा सदस्य, १४४.७३ वर्ग किलोमिटर क्षेत्रफल तथा ६६६७७ जनसंख्या रहेको छ।	
३			**लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा देहाय बमोजिम निगौल ठाकुर पोखरी आय ठेक्काको रु. १८,२५,०००/- मिति २०७८/११/६ मा र सामाजिक सुरक्षा भत्ता वितरण नभै बाँकी रहेको रु. ३२१२४०७/५६ गरी जम्मा रु.५०,३७,४०७/५६ असुल भई स्थानीय सञ्चित कोषमा दाखिला भएको छ ।	
४			**आर्थिक कारोवारको स्थिती :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सरकारले पेश गरेको आर्थिक वर्ष २०७७/७८ को एकीकृत आय-व्यय हिसावको संक्षिप्त अवस्था देहाय बमोजिम रहेको छ :	

एकिकृत आय व्यय विवरण

विवरण	शिर्शक	आम्दानी	जम्मा	शिर्षक	खर्च	जम्मा
१	**गत बर्षको जिम्मेवारी**		**३१७६४३११९**	**जम्मा खर्च**		**५६१८७८०४५**
	बैक मौज्दात	३०११३५२५२		चालु खर्च	२९८०७८००३	
	धरौटी मौज्दात	१२०८७५५३		पुजिगत खर्च	२६३८०००४२	
	प्रकोप मौज्दात	२९२०३१३।८३		**अनुदान फिर्ता (०७७/७८)**		**१०७२५०४५९**
	कर्मचारी कल्याण कोष खाता मौज्दात	१५०००००		संघिय सशर्त,समपुरक र विषेश फिर्ता	१०३१६६७३०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				२	**राजश्व बाँडफाँड**		**१२५८१४६१३**	प्रदेश सशर्त र विषेश फिर्ता	३९१३३९३		
					राजश्व वाडफाड प्रदेश सरकार	१०३५४८४६		प्रदेश समपुरक फिर्ता	१७०३३६		
					राजश्व वाडफाड संघीय सरकार	११५४५९७६७		**अनुदान फिर्ता (२०७६/७७७)**		**५५११७२४६**	
				३	**संघिय अनुदान**		**४८०९५७८१०**	संघीय सशर्त फिर्ता	४८११७२४६		
					संघीय वित्तिय समानिकरण अनुदान	१६७००००००		प्रदेश विषेश फिर्ता	३००००००		
					संघीय सशर्त अनुदान	२८३५५७८१०		प्रदेश समपुरक फिर्ता	४००००००		
					संघीय समपुरक अनुदान	१०४०००००		**प्रकोप व्यवस्थापन कोष**	**४७६५५५०**	**४७६५५५०**	
					संघीय विषेश	२००००००००		**धरौटी खाता**	**६७७५९०५**	**६७७५९०५**	
				४	**प्रदेश सरकार अनुदान**		**२०९७३०००**	**विविध खर्च खाता**	**८५६०७४०**	**८५६०७४०**	
					प्रदेश वित्तिय समानिकरण अनुदान	७९७३०००		**सामाजिक सुरक्षा**	**१४६९१७२१८**	**१४६९१७२१८**	
					प्रदेश सशर्त अनुदान	८००००००		**स्थानीय पूर्वाधार विकास साझेदारी**	**९०३६२४४**	**९०३६२४४**	
					प्रदेश समपुरक	२००००००		**प्रदेश सामाजिक विकास मन्त्रालय**	**१५००००**	**१५००००**	
					प्रदेश विषेश	३००००००		**जम्मा खाता अनुसार बैक मैज्दात**		**२७०७२४१३३**	
				५	**आन्तरिक स्रोत**		**३४३३१९५३**	बैंक मौज्दात अन्तरीक स्रोत (सं कोष)	२३८९६६८७७		
					आन्तरिक राजश्व	३४३३१९५३		धरौटी खाता	१८२२५५७४		
				६	**प्रकोप व्यवस्थापन कोष**	**४५४२०००**	**४५४२०००**	प्रकोप व्यवस्थापन कोष	२६९६७६४		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
				७	धरौटी खाता	१२९१३९२६	१२९१३९२६	विविध खर्च खाता	९३३४९१८			
				८	विविध खर्च खाता	१७८९५६५८	१७८९५६५८	कर्मचारी कल्याण कोष खाता	१५०००००			
				९	सामाजिक सुरक्षा	१४६९१७२१८	१४६९१७२१८					
				१०	स्थानीय पूर्वाधार विकास साझेदारि	९०३६२४४	९०३६२४४					
				११	प्रदेश सामाजिक विकास मन्त्रालय	१५००००	१५००००					
					जम्मा	११७११७५५४०	११७११७५५४०	जम्मा	११७११७५५४०	११७११७५५४०		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			**वित्तीय विवरण:–** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् : • यस स्थानीय तहले NPSAS अनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन (म.ले.प.फा. नं. २७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको कारण कार्यालयले तयार गरेको एकिकृत आय व्यय विवरणको आधारमा लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ । • पालिकाको म ले प फा नं २७२ को वित्तिय प्रतिवेदनको वित्तिय विवरणमा गत वर्षको जिम्मेवारी रु.४२,७९,५२,०२६/- देखिएकोमा पालिकाले पेश गरेको एकिकृत आय व्यय विवरणअनुसार रु. ३१,७६,४३,११९/- देखिएकोले फरक परेको रकम रु.११,०३,०८,९०७/- को सम्वन्धमा एकिन गरी आम्दानी वाध्नुपर्ने देखिन्छ। • पालिकाले पेश गरेको एकिकृत आय व्यय विवरणको वैक तथा नगद वाँकीमा रु.२७,०७,२४,१३३/- देखिएकोमा सुत्रको म. ले. फा. नं २७२ को वित्तिय प्रतिवेदनको वैक तथा नगद वाँकीमा रु. ५५,८१,१२,४६२/-देखिएकोले फरक परेको रकम रु.२८,७३,८८,३२९/- को सम्वन्धमा पालिकाले एकिन गरी हिसाब मिलान गर्नुपर्दछ। • पालिकाले पेश गरेको एकिकृत एकिकृत आय व्यय विवरणअनुसार संचितकोष खातामा रु. २,८९,६६,८७७/- बाँकी रहेकोमा सुत्र अनुसार सञ्चित कोषमा रु. ११,८२,११,७९६/- बाँकी रहेको देखिन्छ । फरक रकमको सम्वन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ। नगरपालिकाले आर्थिक वर्ष २०७६/७७ को संघिय एवं प्रदेश सरकारले पठाएको सशर्त, समपुरक र विशेष अनुदानको रकम मध्ये आर्थिक वर्षको अन्त्यमा खर्च नभइ बाँकी रहेको रु. ५,५१,१७,२४६/- सुत्रमा लेखाङ्कन नगरी यस वर्ष निकासा फिर्ता पठाएको, अन्तरसरकारी अख्तियारी तर्फको आम्दानी खर्चको रकम सुत्रमा लेखाङ्कन नगरेको एवं धरौटीको आर्थिक कारोबारको लेखाङ्कन समेत म्यानुअल र सुत्र दुवै प्रणालीबाट गरेको कारण सुत्रको वित्तीय विवरण यथार्थ रहेको पाइएन तसर्थ पालिकाबाट सबै आर्थिक कारोबारलाई सुत्रमा प्रविष्ट गरी लेखाङ्कन गरिनु पर्दछ ।	
६			**जिम्मेवारी फरक परेको :–** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.३१,७९,९२,५५७/- मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ३१,७६,४३,११९/- जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ३४९४३८ घटी जिम्मेवारी सारेको देखिन्छ । यस सम्बन्धमा पालिकाले आर्थिक वर्ष २०७७/७८ को आन्तरिक श्रोतको आम्दानी रु. ३४९४३८/- गतवर्षको मौज्दातमा समावेश गरी एकिकृत आय व्यय तयार गरेको कारणबाट उक्त रकम घटाइ रु. ३१,७६,४३,११९/- जिम्मेवारी सारेको खुलासा गरेको छ । पालिकाले आर्थिक वर्ष अनुसारको आर्थिक कारोबारको लेखाङ्कन गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७			**बैंक हिसाब मिलान नगरेको :**–स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गर्नु पर्ने देखिन्छ ।	

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार २०७८ असार मसान्तको बाँकी	बैंक स्टेटमेण्ट अनुसार २०७८ असार मसान्तको बाँकी	फरक
१	सञ्चित कोष	११८२११७८७	९३१६४६२८.४५	-२५०४४७५८.५५
२	चालु खाता	१६५१५१२७	८७९८२४११.३५	७१७६७२८४.३५
३	पूँजीगत खाता	१०४५३९९६३	१७०११८४६२.१०	६५५७८४९९.१०
४	विविध खर्च खाता	९३३४९१८	९३७२८०७	३७८८९
५	कल्याण कोष खाता	१५०००००	१५०००००	०
६	प्रकोप व्य कोष खाता	२६९६७६४	४१३२१२४.८३	१४३५३६०.८३
७.	धरौटी	१८२२५५७४	१६२३६०९०.९५	-१९८९४८३.०५
	जम्मा	२७०७२४१३३	३८२५०६५२४.७	१११७८२३९१.७

बैंक नगदी किताव अनुसार आर्थिक वर्षको अन्त्यमा सञ्चितकोष खातामा रु.११,८२,११,७८७/- मात्र मौज्दात रहेको देखिन्छ । कार्यालयले एकिकृत आय व्यय विवरण तयार गर्दा चालुखर्चबाट आर्थिक वर्षको अन्त्यमा ट्रान्सफर गरेको रु.१,६२,१५,१२७/- र पुँजीगतखाताबाट ट्रान्सफर गरेको रु.१०,४५,३९,९६३/- समेत रु. १२,०७,५५,०९०/- समेत जोडि सञ्चितकोष खातामा रु.२३,८९,६६,८७७/- मौज्दात रहेको खुलासा गरेको छ । पालिकाले सबै आर्थिक कारोबारलाई सुत्रमा प्रविष्ट गरी समयमै बैंक हिसाब मिलान विवरण तयार गर्नु पर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८			**खर्च बिश्लेषणः-** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.३,४३,३१,९५३/- राजस्व बाँडफाँड र अनुदानबाट रु.६२,७७,४५,४२३/- समेत रु.६६,२०,७७,३७६/- आम्दानी भएकोमा चालु तर्फ रु.२९,८०,७८,००३/- र पूँजिगत तर्फ रु.२६,३८,००,०४२/- समेत रु.५६,१८,७८,०४५/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा 6.११ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुविधामा रु.१,०८,४८,२७७/- खर्च भएको छ जुन आन्तरिक आयको ३१.६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४७.४८ प्रतिशत चालु र ४२.०२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।	
९			**चौमासिक पूँजीगत खर्च :-** पालिकाले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार तोकेको अवधिमा कार्यक्रम कार्यान्वयन गरी कार्य सम्पन्न गर्नुपर्दछ । सुत्र अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	
१०			**मध्यमकालिन खर्च संरचनाः-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। सो अनुसार पालिकाले उक्त योजना तयार गरेको देखिदैन । मध्यकालिन खर्च संरचनामा योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, सोको प्रति इकाई लागत, अनुमानित समय र सोबाट प्राप्त हुने प्रतिफल समेत खुलाई योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्नेमा सो गरेको पाइएन।	

(क्रम ९ अन्तर्गतको तालिका)

पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसो चौमासिक	
विभिन्न	२६३८००	0	६६०७५	१९७७२५	१३२६११
खर्च प्रतिशत	१००		२५.०५	७४.९५	५०.२७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११			**बजेट पेश, पारित र अख्तियारी :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री आशा लामाले ले २०७७।३।१९ गते रु.८३ करोड ४० लाख ५० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।४।२३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।२३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
१२			**योजना र कार्यान्वयन :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष नगरपालिकाले तर्जुमा गरी कार्यान्वयन गरेका योजनाहरु र बजेट देहायअनुसार रहेका छन्:	

क्र.सं.	विवरण	योजना संख्या	रकम
१	रु. १ लाख सम्मका	३८	३१५३२४४
२	रु. १ लाख भन्दा बढी ५ लाख सम्म	१०४	३४५३४२८८
३	रु. ५ लाख भन्दा बढी १० लाख सम्म	५५	४३६१२४६९
४	रु. १० लाख भन्दा बढी ५० लाख सम्म	५१	१२५६५००००
५	रु. ५० लाख भन्दा बढी	१२	१५००००००
जम्मा		२६०	३५६९५०००१

उल्लेखित योजनाहरु मध्ये यो वर्ष सम्झौता भइ सम्पन्न भएका मध्ये ३६ वटा योजनाको रु. ४५८८२९१८/- चालु आ.व. मा दायित्व सारेको देखिन्छ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३			**क्षेत्रगत बजेट र खर्च:-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।	

मुख्य क्षेत्र	वार्षिक वजेट (रु. हजारमा)	खर्च रकम (रु. हजारमा)	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	७६३९०	३४०७१	६.०६
सामाजिक क्षेत्र	२८७१६५	२१०९८४	३७.५५
पूर्वाधार विकास क्षेत्र	२८६६९८	१९८०१०	३५.२४
सुशासन र अन्तरसम्बन्धित क्षेत्र	३२१००	५८१२	१.०३
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	१८२५५५	११३०४१	२०.१२
जम्मा	८६४९०८	५६१९१८	१००

उपरोक्त तालिका बमोजिम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा कम १.०३ प्रतिशत र सामाजिक विकासमा सबैभन्दा बढी ३७.५५ प्रतिशत खर्च भएको छ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**आन्तरिक नियन्त्रण एवं वित्तीय उत्तरदायित्व र जवाफदेहिता:-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५० देखि ५५ मा जिम्मेवार व्यक्तिले पालना गर्नुपर्ने वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको व्यवस्था गरेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने उल्लेख छ। यस पालिकाको लेखापरीक्षण गर्दा निम्न कामसँग सम्बन्धित ऐन नियमले तोके अनुसारको व्यवस्था पालना नगरेको वा आशिंक पालना गरेको र आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको देखिएन। यसबाट सम्बन्धित काम मितव्ययी एवं प्रभावकारी ढङ्गले कार्यान्वयन भएको छ भनी विश्वस्त हनु सक्ने आधार भएन। यसमा सुधार गरी कार्यालयबाट सम्पादन हुने कामलाई नियमीत, मितव्ययी एवं प्रभावकारी बनाउनु पर्दछ। पालिकाले कार्यान्वयन एवं सुधार गर्नुपर्ने व्यहोरा यस प्रकार छन्:- • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन। • पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको पाईएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्नेमा ल्याएको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरी वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको एकीकृत अभिलेख देखिने गरी खप्ने एवं खर्च हुने सामानको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • पालिकाले जिन्सी निरिक्षण गरी प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा जिन्सी निरीक्षण नै गरेको पाईएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको आंशिक रुपमा मात्र गुणस्तर परीक्षण गर्ने गरेको छ। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको छैन। • यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत संभार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन। • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार दर्ता हुने गरेको पाइएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गर्नुपर्नेमा गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)२ बमोजिम निजामती कर्मचारीहरुको प्रत्येक वर्ष तलवी प्रतिवेदन पारित गराई तलब भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयको आर्थिक वर्ष २०७7।०७8 को तलवी प्रतिवेदन नगरी तलब खर्च लेखेको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । • पालिकाको उद्वेश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान गरी सो निराकरणको लागि उपयुक्त उपायहरु व्यवस्थित गरेको पाइएन । • भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण अभिलेख राख्ने र भ्रमण प्रतिवेदन पेश गर्ने गरेको छैन । • कार्यालयले गत विगतको बेरुजु र संपरीक्षणको अभिलेख राख्ने गरेको छैन । • वडामा उठ्ने राजस्वको लक्ष्य निर्धारण गरेको छैन । • कोषहरु कार्यान्वयन गर्न कार्यविधि कानून बनाउनु पर्नेमा बनाएको पाइएन । • आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गराउने कार्य नियन्त्रण गर्नुपर्नेमा सो गरेको छैन । • राजस्व प्राप्तीको दायरालाई प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याएको छैन। • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम सबै श्रोतबाट भएको प्राप्ति र खर्चको विवरण प्रदेश लेखा नियन्त्रक तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको छैन । • विद्यार्थी तथा शिक्षक अनूपात नभिडेको मर्जरको कार्यक्रम अगाडी वढाएको देखिएन । • अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन गरेको पाइएन । • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बमोजिम विनियोजन, राजश्व, धरौटी, जिन्सी र अन्य कारोवारको श्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा श्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले जाँच गर्नुपर्ने व्यवस्था कार्यान्वयन गरेको पाईएन। • ईन्धन खर्चको लगबुक एवं कोटा निर्धारण गरी नियन्त्रण नगरेको । • सवारी साधनको मर्मत अभिलेख अद्यावधिक गरी राख्ने गरेको छैन । • खर्चका विलभरपाईहरुको तेरिज बनाइ गोश्वारा भौचरसाथ राख्ने नगरेको। • तलवी प्रतिवेदन पारित नगरेको । • बजेट सीमा निर्धारण समिति गठन नगरेको । • पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन। पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ। नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वयन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व, जिम्मेवारी एवं जवाफदेहिताको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५			**आन्तरिक लेखापरीक्षण:-** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस पालिकाले २०७७।७८ को सामाजिक सुरक्षा, स्थानीय पूर्वाधार र सामाजिक विकास मन्त्रालय (सीप बिकास तालिम) कार्यक्रम बाहेक अन्य सुत्र बाट भएको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। सबै कारोबारको आन्तरिक लेखापरिक्षण गराउने व्यवस्था कार्यान्वयन गराउनु पर्दछ। कार्यालयमा आन्तरिक लेखापरीक्षकको दरबन्दीमा एकजना कर्मचारी कार्यरत रही निजलाई तलव भत्ता वापत रु. ४,५०,५८४/- भुक्तानी गरेको भए पनि निजलाई आन्तरिक लेखापरीक्षणको जिम्मेबारी नदिइ अन्य नै काममा लगाएको छ ।आन्तरिक लेखापरीक्षकको दरबन्दीमा नियुक्त कर्मचारीलाई निजको पदको जिम्मेबारी अनुसारको कार्य विवरण उपलब्ध गराई समयमा नै आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ ।	
१६			**सेवा प्रवाहः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जम्म/मृत्यु दर्ता २१२५ वटा, घरवाटो सिफारिश १६८५ वटा, नाता प्रमाणित ७५४ वटा, अन्य सिफारिश ६५१५ वटा गरी सेवा प्रवाह गरेको देखियो। स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन। ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७			**अनुत्पादक खर्चः-** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु. १ करोड ५ लाख ३३ हजार खर्च गरेको देखिन्छ ।	

योजनाको नाम	बजेट (रु. हजारमा)	खर्च (रु. हजार)
लंङ्कामा अधुरो धर्मशाला निर्माण	१०००	९३१
जोगी कुटीमा धर्मशाला निर्माण	१०००	९७०
डुमरवानामा बजरंगी अधुरो धर्मशाला निर्माण	१२००	११६३
गाई गौशालाको नजिक अधुरो धर्मशाला निर्माण	१०००	९७०
निगौलटोलको ब्रम्हस्थान मन्दिर निर्माण	५००	४८५
ईट्टाटारमा राम हुनमान मन्दिर निर्माण	७००	६७९
सम्सीटोलमा धर्माशाला निर्माण	५००	४८५
मगरटोलको अधुरो धर्मशाला निर्माण	५००	४८५
दक्षिण ब्रम्हस्थान मन्दिर निर्माण	५००	४८५
डुमरवानामा श्री रामजानकी अधुरो धर्मशाला निर्माण	२०००	१९४०
भरतपुरमा सार्वजनिक धर्मशाला निर्माण	२०००	१९४०
जम्मा	१०९००	१०५३३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८			**आर्थिक सहायता:**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विपन्न आगलागी, बिपन्न काजक्रिया, जंगली हात्तीबाट भएको क्षतिफुर्ति र डुबेर मरेको १ बालको अभिभावकलाई समेत १३ व्यक्तिलाई रु.२,४०,०००/- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
१९				
१९.१			**पदाधिकारी सुविधाः-** मधेश प्रदेशको लागी स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ३ को अनुसूची-१(ख) बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई सुविधा उपलब्ध गराउने व्यवस्था छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार नगरपालिकाबाट यस वर्ष रु.१,०८,४८,२७७/- भुक्तानी भएको छ ।	
१९.२			**विविध खर्चः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ । कार्यालयले यो वर्ष खाना, खाजा तथा विविध तर्फ रु.१८,४३,०००।- खर्च गरेको छ । खर्च गरेको बिल पेश गरेतापनि खर्च पुष्टि गर्ने स्पष्ट कागजात पेश गरेको देखिएन । यस्तो खर्चको उद्देश्य र यथार्थता प्रमाणित नहुने भुक्तानीलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।	
२०			**निकासी करको दर**: नगरपालिकाले आर्थिक वर्ष २०७६/७७ मा प्रशोधित ढुङ्गा, गिट्टी र बालुवाको पालिका बाहिरको निकासी करको दर ट्राक्टर प्रति ट्रीप रु.२००/-, टिफर छ चक्के प्रति ट्रिप रु.१५००/- र टिफर दश चक्के प्रति ट्रिप रु.२,२००/- निर्धारण गरेकोमा यस आर्थिक वर्षमा क्रमश: रु.१००/-, रु.५००/- र रु.८००/- निर्धारण गरेको पाइयो । अघिल्लो आर्थिक वर्षको तुलना ५०% भन्दा बढीले करको दर घटाइनुको वस्तुनिष्ठ एवं ठोस आधार देखिएन । पालिका आन्तरिक आय वृद्धि गर्ने तर्फ उन्मुख हुनुपर्नेमा यस किसिमको व्यवस्थाले पालिकाले ठूलो आयको हिस्सा गुमाउन पुगेको छ । पालिकाले प्रदेश आर्थिक ऐनले तोकेबमोजिमको दरमा प्राविधिकको मूल्याङ्कन एवं सिफारिसमा आधारित रही वस्तुनिष्ठ एवं वैज्ञानिक आधारमा यस किसिमको कर निर्धारण गर्न उपयुक्त हुन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१			**नगदी रसिदः** प्रचलित कानून अनुसार नगरपालिकाले छपाईबाट प्राप्त भएको नगदी रसिद ठेली के कति वितरण भयो र वितरण भएका रसिदबाट प्राप्त आम्दानी समयमै दाखिला गरेको प्रमाण समेत संलग्न गरी नगदी रसिद कार्यालयले फिर्ता लिनु पर्दछ । पालिकाले यो वर्ष निकासी कर संकलन गर्न गत वर्ष छपाई गरेका रसिद समेत प्रयोग गरेको देखियो । रसिद नियन्त्रण खाता तयार गरेको भएता पनि गत वर्षका मौज्दात सम्बन्धमा व्यवस्थित रहेको पाइएन । चालु वर्षका लागि वितरण गरेको रसिद बाहेक अन्य रसिदबाट समेत आम्दानी गर्दा रसिदको दुरुपयोग हुन सक्ने र संकलित आय संचित कोष दाखिला नहुने जोखिम रहन्छ । तसर्थ रसिद नियन्त्रण खाता व्यवस्थित गरी चालु वर्ष जारी भएका रसिद मात्र प्रयोग गर्ने र वर्षान्तमा बाँकी रहेका रसिदहरु फिर्ता गरी पुन: नयाँ रसिद जारी गर्ने व्यवस्था मिलाई सम्पूर्ण आम्दानी दाखिला भएको सुनिश्चत गर्ने तर्फ नगरपालिकाको ध्यान जानु पर्दछ । नगरपालिकाले कर संकलनका लागि देहायबमोजिमका व्यक्तिहरुलाई वितरण गरिएको रसिद मध्ये देहायका रसिदहरु हालसम्म पनि फिर्ता गरेको पाइएन । नगरपालिकाले निजहरुको जिम्मा रहेको रसिद र सोबाट संकलन भएको रकम सम्बन्धमा यकिन गरी कानूनबमोजिम जरिवाना समेत यकिन गरी संचित कोषमा दाखिला गर्नुपर्दछ ।	

सि.नं.	व्यक्तिको नाम	रसिदको प्रकार	फिर्ता गर्न बाँकी रसिद
१	दिनेश कुमार वि.क.	निकासी कर	र.नं. २५२५० देखि २६१५१ सम्म
२	संजीव कुमार साह	गोरु बजार	र.नं. १३०१ देखि १९५० सम्म
३	संजीव कुमार साह	खुद्रा बजार	र.नं. १ देखि ८००० सम्म
४	रामपुकार महतो	पुरानो रसिद	र.नं. १८००१ देखि १८१००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२			**अमानतबाट कर संकलन**:- यस आर्थिक वर्षमा नगरपालिकाले अमानतबाट विभन्न आय तथा कर संकलनका लागि विभिन्न व्यक्तिहरुलाई जिम्मा दिई रु.९१,९६,९२०/- कर संकलन गरेकोमा देहायको व्यहोरा देखियो । **दाखिला बाँकिः** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा रहेको नगदी तथा जिन्सी दाखिला सम्बन्धि तथा २८(२) मा समयमा दाखिला नगर्नेलाई दश प्रतिशत सम्म जरिवाना गरी विभागीय कारवाही समेत गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले बजार तथा निकासी कर संकलन गर्नका लागि देहायबमोजिमका व्यक्तिहरुलाई जिम्मेवारी दिएकोमा दाखिला नभएको रकम र दश प्रतिशतका दरले जरिवाना समेत हिसाब गरि असुल गर्नुपर्ने रु.	४०४,०२०

सि.नं.	जिम्मेवार व्यक्तिको नाम	असुल गरेको रकम	दाखिला गरेको रकम	बाँकी
१	टेक बहादुर लामा	४६६९५००	४६६९५००	०
२	श्याम कुमार साह	४७६६००	४७६६००	०
३	दिनेश कुमार वि.क.	३०९६८००	३०९६८००	०
४	कम्प्युटर अपरेटर संजीव साह	९५४०२०	५५००००	४०४०२०
	जम्मा	९१९६९२०	८७९२९००	४०४०२०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्:** नगरपालिकाले महरा नदीबाट ढुङ्गा, गिट्टी र बालुवाको दिगो उत्खनन् तथा संकलन कार्यका लागि तयार गरेको प्रारम्भिक वातावरणीय प्रतिवेदनमा दैनिक ३०० घ.मि. का दरले वार्षिक (२७० दिन) ८०,०७० घ.मि. उत्खनन् गर्न मिल्ने प्रस्ताव गरेकोमा कार्यपालिकाको मिति २०७७/१०/२३ को बैठकले सो नदीबाट उत्खनन् गर्न ठेक्का लगाउने निर्णय गरेको थियो । तर यस वर्ष नगरपालिकाले सोका लागि ठेक्का आह्वान गरेको पाइएन । यसबाट नगरपालिकाले उक्त उत्खनन् परिमाणको न्यूनतम मुल्य रु.१,१३,१०,५८०/- बराबरको राजस्व गुमाउन पुगेको छ । प्रारम्भिक वातावरणीय प्रतिवेदनले तोकेको परिमाणको समयमा नै ठेक्का बन्दोबस्त गरी आन्तरिक आय वृद्धि गर्ने तर्फ नगरपालिकाले आवश्यक कदम उठाउनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२४			**राजस्वको सफ्टवेयरः** नगरपालिकाले राजस्व असूलीलाई व्यवस्थित बनाउन सफ्टवेयर प्रयोगमा ल्याइ आम्दानीको अभिलेख गरेको देखिएका छ । यस सफ्टवेयर प्रयोग गर्दा राजस्व संकलनको मात्र अभिलेख राखेको तर रकम दाखिलाको अभिलेख नराखेकोले सफ्टवेयरबाट कति नगद रकम दाखिला भयो एकिन भएन ।साथै राजश्व सफ्टवेयरबाट आम्दानी र सुत्र सफ्टबेयरबाट देखिएको आम्दानी भिडान गरी यथार्थ एकिन गरी फरक देखिएमा दाखिला गरीनुपर्छ । अत आम्दानीको अभिलेख सफ्टवेयर बाट राखिने गरेतापनि पुर्ण रुपमा सुरक्षित सफ्टवेयरको प्रयोग गरी राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थित गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।	
२५			**मनोरञ्जन करः-** प्रदेश आर्थिक ऐन २०७७ को दफा दफा ४ मा मनोरञ्जन स्थल (सिनेमा, नाचगान, अपेरा, थ्रियटर, सर्कस, चटक, खेल, प्रर्दशनी, कन्सर्ट, फनपार्क, वाटरगार्डेन, उद्यान र अरु प्रकारका मनोरञ्जन) मा प्रवेश गरेबापत अनुसुचि ३ बमोजिम चलचित्र,संस्कृतिक प्रदशन, दोहोरी सांझ, डान्सवार, कन्सर्ट, नाटकघर ,भिडियोघर, थिएटर, पार्क आदीको प्रबेश शुल्कको पाँच प्रतिशत, जादु सर्कस तिन महिना सम्म दैनिक रु.१०० सय र तिन महिना भन्दा बढी मासिक रु.५००० ले मनोरञ्जन कर लगाइने र नगरपालिकाबाट संकलन गरी चालिस प्रतिशत माशिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यबस्था छ । आर्थिक वर्ष २०७७।७८ मा नगरपालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको नपाईएकोले आफ्नो क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।	
२६			**विज्ञापन करः** प्रदेश आर्थिक ऐन, २०७७ को दफा दफा ५ मा प्रदेश भित्र राखिने होडिङबोर्ड, साइनबोर्ड, ब्यानर, ट्राइभिजन बोर्ड, ग्लो बोर्ड, डिजिटल बोर्ड, स्टल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने लेखे वा बिद्युतिय तरंग प्रयोग गरिएको प्रचार सामाग्रि गरिएको बिज्ञापनमा स्थानिय तहले निर्धारण गरे बमोजिम नगरपालिकाले संकलन गरी चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यबस्था छ । आर्थिक वर्ष २०७७।७८ मा नगरपालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको नपाईएकोले आफ्नो क्षेत्रभित्रवाट उठ्नु पर्ने बिज्ञापन कर एकिन गरि असुल गर्नुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७</td><td></td><td></td><td>

आय ठेक्का: नगरपालिकाले यस आर्थिक वर्षमा विभिन्न बजार क्षेत्र र पोखरीको लागि ८ वटा ठेक्का आह्वान गरेकोमा ४ वटा ठेक्कामा मात्र बोलपत्र पेश भएको पाइयो । आय ठेक्का सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय बमोजिम रहेका छन्

क) न्यूनतम ठेक्का रकम: नगरपालिकाले यस वर्ष विभिन्न बजार क्षेत्र र पोखरीको लागि राजस्व परामर्श समितिको मिति २०७७/०४/०३ गतेको निर्णयले देहायबमोजिम न्युनतम ठेक्का रकम कायम गरि ठेक्का गर्ने निर्णय गरेकोमा सो बमोजिम पटक पटक बोलपत्र आह्वान गर्दा कुनै पनि बोलपत्र पेश नभएकाले कार्यपालिकाको विभिन्न मितिको निर्णय बमोजिम पटक पटक न्युनतम कबोल रकम घटाई बोलपत्र आह्वान गर्दा १० देखि २३ प्रतिशत सम्म घटाईएको पाइयो ।

सि.नं.	आय ठेक्काको नाम	शुरु न्यूनतम ठेक्का रकम	परिमार्जित न्यूनतम ठेक्का रकम	घटाइएको रकम	घटी प्रतिशत
१	गोरु बजार	७०५१०००	६३४५९००	७०५१००	१०%
२	खसी बजार	४६६१०००	४१९४९००	४६६१००	१०%
३	खुद्रा बजार	२५४४५०००	२२९०५००	२५४५००	१०%
४	मल्हनिया पोखरी	३१००००००	२३८५४५०	७१४५५०	२३%

ख) आय ठेक्का सम्झौता: गौशाला नगरपालकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी कार्यविधी २०७६ को दफा ५ मा बोलपत्र वा डाक स्वीकृत भएपछि सम्झौता गर्नका लागि १५ दिने सूचना आह्वान गरी प्रथम किस्ताको रकम र कार्यसम्पादन जमानत लिई पट्टा दिने र कबुलियत गराउने व्यवस्था रहेको छ । तर नगरपालिकाले यस आर्थिक वर्षमा स्वीकृत गरेका कुनै पनि ठेक्काको सम्झौता गरेको र सूचनामा उल्लेखित शर्तबमोजिम कार्यसम्पादन जमानत लिएको पाइएन । नगरपालिकाले कार्यविधी विपरित सम्झौता नगरी आय संकलन गर्ने कार्यमा संलग्न व्यक्तिहरुलाई कानून बमोजिम कारबाही गर्ने व्यवस्था गरी कार्यविधीको पूर्ण पालना गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>

परामर्श सेवा:- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २९ बमोजिम सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट हुन नसक्ने काम भएमा वा वैदेशिक श्रोतबाट सञ्चालित आयोजनामा सम्झौता बमोजिम परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था भए बमोजिम पालिकाले बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको लागी उपलब्ध भएसम्म पालिकाकै जनशक्तिबाट डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाको जनशक्तिले नभ्याउने भएमा मात्र बाह्य परामर्शताबाट यस्ता कार्य गराउनु पर्दछ । परामर्श सेवा खरिद गर्दा तोकिएको नर्म्सका आधारमा लागत अनुमान तयार गरी प्रतिस्पर्धाको आधारमा परामर्शतादाता छनोट गर्नु पर्दछ । पालिकाले यो वर्ष देहायका कार्यको अध्ययन प्रतिवेदनका लागी रु. ५४,९१,८००/- परामर्श शुल्कमा खर्च गरेको छ ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार लिएको देखिएन । आगामी दिनमा उपलब्ध भएसम्म पालिकाकै प्राविधिक जनशक्तिबाट यस्ता डिपिआर तयार गराउनु पर्दछ । साथै बाह्य परामर्शदातालाई काम लगाउँदा तोकिएको नर्म्सका आधारमा लागत अनुमान तयार गरी प्रतिस्पर्धाका आधारमा परामर्शदाता छनौट गर्नु पर्दछ ।

<table>
<tr><th>क्र.सं.</th><th>कामको विवरण</th><th>परामर्शदाता</th><th>सम्झौता रकम</th><th>बिल भुक्तानी</th></tr>
<tr><td>१.</td><td>१५ शैया अस्पतालको डिजाइन तयारी</td><td>आर आर एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी</td><td>१७१९७५०</td><td>१७१९७५०</td></tr>
<tr><td>२.</td><td>आयुर्वेद शिक्षालयको डिजाइन तयारी</td><td>सिभिल वर्क कन्सल्टेन्सी</td><td>११९८५००</td><td>११९८५००</td></tr>
<tr><td>३.</td><td>औद्योगिक ग्रामको डिजाइन तयारी</td><td>क्रियटिभ प्लानिङ्ग एण्ड इन्जिनियरिम कन्सलल्टेन्सी</td><td>१६९३८००</td><td>१६९३८००</td></tr>
<tr><td>४.</td><td>वडा कार्यालय भवनको डिपिआर तयारी</td><td>क्रियटिभ प्लानिङ्ग एण्ड इन्जिनियरिम कन्सलल्टेन्सी</td><td>८७९७५०</td><td>८७९७५०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>५४९१८००</td><td>५४९१८००</td></tr>
</table>

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई दुई खोलाको आइ.ई.ई. गर्न रु. ८,६९,१११/- र नगरपालिकाको ओएनएम गर्न रु. ४,९१,५५०/- गरी जम्मा रु. १३,६०,६६१/- को सोझै खरिद गरी खर्च लेखेको छ। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्र्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२९			**कानुन निर्माण:-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ऐन ३, नियमावली ३, कार्यविधि १४ र निर्देशिका २ गरी जम्मा २२ वटा कानून निर्माण गरेकोमा राजपत्रमा प्रकाशन गरेको पाइएन । उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्यिनमा ल्याउनु पर्दछ ।	
३०			**न्यायीक समिति:–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीहरु मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १३ र यो बर्ष थप भएको ३५ गरी कुल ४८ विवाद दर्ता भएकोमा यस वर्ष २७ वटा विवाद फछ्र्यौट भई २१ वटा बाँकी देखिन्छ। समयमै मुद्दा किनारा लगाई न्याय निरुपणलाई व्यवस्थित गर्नुपर्दछ।	
३१			**शसर्त चालु शिक्षा**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१.१</td><td>१७०</td><td>२०७८-३-११</td><td>पाठ्यपुस्तक खरिदः- भौ.नं.१७० मिति २०७८।३।११ बाट कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.४.६.१ IEMIS अनुसार प्रविष्ट तथ्याङ्कसँग सत्यापन गराई यकिन संख्याका आधारमा दोस्रो चौमासिकभित्र विद्यालयहरूलाई निकासा दिनु पर्दछ । निकासा दिँदा पहिलोपटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्याको मात्र निकासा दिने र बाँकी २५ प्रतिशत रकम विधार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको आधारमा नपुग हुने रकम मात्र थप निकासा दिन सकिने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कसँग सत्यापन गराई यकिन संख्याको आधारमा पहिलो पटक ७५ प्रतिशत मात्र निकासा दिएकोमा दोस्रो पटक विद्यार्थी भर्ना संख्या, पुस्तक खरिद विल तथा वितरणको भर्पाइको आधारमा नपुग भएमात्र शोधभर्ना भुक्तानी दिनुपर्नेमा बाँकी २५ प्रतिशत रकम पुरै भुक्तानी दिएको देखियो । पालिकाले ७५ प्रतिशत निकासा दिएको विद्यालयलाई विल तथा वितरणको भर्पाइ पेश वेगर पुन २५ प्रतिशत भुक्तानी दिएको तर हाल सम्म पनि विल भर्पाइ पेश नभएकोले विल भर्पाइ पेश हुन पर्ने रु
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>७५ प्रतिशत अनुदान</th><th>थप निकासा</th><th>जम्मा निकासा</th></tr>
<tr><td>१</td><td>श्री जनता माध्यमिक विद्यालय, रजखोर</td><td>३११२५६</td><td>२३१०००</td><td>५४२२५६</td></tr>
<tr><td>२</td><td>श्री राम प्रा.वि गौशला</td><td>२३४२८</td><td>१०९३३</td><td>३४३६२</td></tr>
<tr><td>३</td><td>श्री मिरमिरे आधारभुत नमुन विद्यालय, तारेचौर</td><td>१००६५</td><td>४८३१</td><td>१४८९७</td></tr>
<tr><td>४</td><td>मदर्शा बैतुल ओलुम, गौशला</td><td></td><td></td><td>८९४२</td></tr>
<tr><td>५</td><td>मदर्शा बर्कतियाजैसिया गौशला</td><td></td><td></td><td>२२९६९</td></tr>
<tr><td>६</td><td>मदर्शा गौसिया गौशला</td><td></td><td></td><td>१५५५२</td></tr>
<tr><td>७</td><td>मदर्शा अजिजिया</td><td></td><td></td><td>१३६०८</td></tr>
<tr><td>८</td><td>मदर्शा दरुल ओलुम गौशिया इन्दादुल गुरुवा</td><td></td><td></td><td>२२१९०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>६७४७७७</td></tr>
</table></td><td>६७४,७७७</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१.२				४५८,६५८

त्यसैगरी पालिकाले विद्यार्थि सख्याको आधारमा ३३ वटा विद्यालयको ७५ प्रतिशत ले हुने रकम रु.३९,१०,७३८/- निकासा गरेकोमा विद्यायले भर्ना भएको विद्यार्थी संख्या र पेश गरको विल भर्पाइको आधारमा नपुग रकम मात्र शोधभर्ना भुक्तानी दिनु पर्नेमा विल भर्पाइ परीक्षण नगरी २५ प्रतिशत रकम भनि रु.२७,४३,४१०/- गरी कुल रु. ६६,५४,१४८/- भुक्तानी दिएको पाइयो । खरिद विल र वितरणको भर्पाइ परीक्षण गर्दा कतिपय विद्यालयले पाठ्यक्रम विकास केन्द्रले प्रकाशित गरेको मुल्यसुचीको आधारमा खरिद नगरी मुल्य फरक पारी खरिद गरेको पाइएकोले वितरणको संख्या र पाठ्यक्रम विकास केन्द्रको मुल्यसुचीको आधारमा खर्च गणना गर्दा बढी रकम भुक्तानी भएको देखिएकोले बढी भएको रकम असूल गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रु.

विद्यालयको नाम	२५ प्रतिशत	७५ प्रतिशत	कूल निकासा रकम	वितरण गर्नु पर्ने रकम	बाकी रकम
त्रिभुवन माध्यमिक विद्यालय	३२०९६६	३५६६२९	६७७५९५	५१८१६२	१५९४३३
जनता मावि भरपुरखोर	३१६७३४	४५२४७७	७६९२११	६९७९७९	७१२३२
मावि निगौल	३३८८३८	४३१८९०	७७०७२८	७२१३६७	४९३६०
राष्ट्रिय मावि कान्तिबजार	३३८५५१	३७१२८९	७०९८४०	६४७५३२	६२३०८
मावि फेडियाही फुलकाहा	९५०४८	२३३५५९	३२८६०७	२५६०२२	७२५८४
सरस्वती आवि भन्टावारी	७११६३	११८८४१	१९१००४	१८५७३५	५२६८
राष्ट्रिय मावि नबराजपुर	१४०५२८	१५२१७८	२९२७०६	२८६५५१	६१५४
नेराजआवि कालिपुर	४००८४	६२१५५	१०२२३९	९३०१०	९२२८
मुन्निमिस्री जआवि परोरिया	५९२४५	१०३९८१	१६३२२६	१५१६२६	११५९९
रामचन्द्र प्रावि लक्ष्मिनिया	२८१४३	३१७३९	५९८८२	५६५४१	३३४०
जनता प्रावि मुसहरीटोल	९५४०	१९०८०	२८६२०	२०४६७	८१५२
जम्मा					४५८६५८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२				
३२.१			**छात्रवृत्ति अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/७८ को ७.२.१.१ अनुसार कक्षा १ देखि ८ सम्म अध्ययनरत छात्रा र दलित विद्यार्थीले प्रति विद्यार्थी ४०० को दरले छात्रवृत्ति पाउने व्यवस्था छ । त्यस्तै गैरआवासिय छात्र वृत्ति विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ को को बुदा ५.३.४ मा छात्रवृत्ति वितरणको भर्पाइ तथा अन्य अभिलेख विद्यालयले व्यावस्थित राख्ने र वितरण भएको १५ दिन भित्र सम्बन्धित स्रोत केन्द्रमा पठाउनुपर्ने उल्लेख छ । पालिका अन्तर्गत रहेको ३३ वटा सार्वजनिक विद्यालयहरुलाई छात्रवृत्ति वितरणको लागि निकासा दिएको रकम वितरणको भर्पाइ पेश नगरेकोले भर्पाइ पेश हुन पर्ने रु.	१,०७९,२००

क्र.सं.	**विद्यालयको नाम**	**रकम**
१	जनता माध्यमिक विद्यालय भरपुरखोर	१८७६००
२	माध्यमिक विद्यालय निगौल	२१८००
३	जनता माध्यमिक विद्यालय रजखोर	१४४८००
४	माध्यमिक विद्यालय भेडियाही फुलकाहा	११८४००
५	ने रा ज आ वि कालिपुर	३५२००
६	राष्ट्रिय आ वि बान्हटोल	४६४००
७	जनता रा आ वि इटाटार	४३२००
८	जनता प्रावि भरतपुर	६१६००
९	जनता आवि ढल्केवर	२७६००
१०	राम प्रावि गौशला	२५२००
११	जनता प्रावि रखजोर	२२८००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				१२	रामचन्द्र प्रावि लक्ष्मिनिया	२४८००		
				१३	ने रा जनजाती प्रा वि मनहर्वा	४७२००		
				१४	जनता प्रावि मुसहरीटोल	१७२००		
				१५	रा ज प्रा वि लक्ष्मिनिया	३५२००		
				१६	मिर्मिरे आवि तारबौरी	१४०००		
				१७	जनता राष्ट्रिय आवि बटौवा	१००००		
					जम्मा	१०७९२००		
३२.२			**बढी रकमः**कार्यक्रमकार्यान्वयनपुस्तिकाआ.व. २०७७/७८को७.२.१.१अनुसार विद्यालयलाई छात्रवृत्ति रकम निकासा दिदा IEMIS अनुसारप्रविष्ट तथ्याङ्कसँग सत्यापन गराई यकिनसंख्याकाआधारमाकक्षा १ देखि ८ सम्मका छात्रा तथा दलित छात्रा छात्रको लागि प्रति विद्यार्थी ४०० को दरले हुने रकम निकासादिने र यसरी निकासा दिएको रकम विद्यार्थीलाई वितरण गरेको भर्पाइ पालिकामा पेश गर्नुपर्ने तथा रकम वितरण गर्न बाँकी भए पालिकामा निकासा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत त्रिभुवन माध्यमिक विद्यालयलाई IEMIS मा प्रविष्टि भएको विद्यार्थी संख्याको आधारमा रु.५९०८०० निकासा दिएकोमा वितरणको भर्पाइ परीक्षण गर्दा रु.१८९६०० को मात्र भर्पाइ पेश भएकोले बाँकी रकम विद्यालयबाट निकासा फिर्ता गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रु. **क्रम** / **कर्मचारीको/फर्म/संगठन नाम** / **असुली रकम** ३२.२.१ / त्रिभूवन मा.वि. / ४,०१,२००					४०१,२००
३३								
३३.१			**सिकाइ सहजीकरण:-** कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रमः कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणको लागि शैक्षिक कार्यक्रम अन्तर्गत विद्यालयलाई विभिन्न अनुदान उपलब्ध गराएको मा निम्न व्यहोरा देखिएको छ ।					

क्रम ३३.२	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम २,३७४,८७५

CUG अनुदानः- विद्यालय सञ्चार सञ्चालीकरण कार्यविधी, २०७७को दफा ११ अनुसार कोभिडका कारणले विद्यालयमा प्रत्यक्ष उपस्थितिमा पठनपाठनमा अवरोध आएकाले विद्यालयका कक्षा ४ देखि १२ सम्मका विद्यार्थीलाई विद्यालयले शिक्षक सिकाइ सहजीकरण गर्न, नियमित गृहकार्य गर्न, परियोजना कार्यर परीक्षण गर्न सञ्चार सञ्जालमा आवद्ध गर्दै शिक्षक विद्यार्थीबीच अन्तरक्रिया गर्ने वातावरण तयार गरी शिक्षण सिकाइ निरन्तरता दिने कार्यक्रम क्लोजर युजर ग्रुप पाठशाला सञ्चालन गर्न सेवा प्रदायकबाट निःशुल्क सिमकार्ड प्राप्त गरी अभिभावक, शिक्षक र कर्मचारीलाई उपलब्ध गराई शिक्षक सिकाई सुचारु गर्नुपर्ने व्यवस्था छ । पालिकालेयो वर्ष क्लोजर युजर ग्रुप कार्यक्रम ३ महिना सञ्चालन गर्नका लागि २८ विद्यालयलाई निम्न रकम उपलब्ध गराएकोमा विद्यालयबाट कार्यक्रम सञ्चालन गरेको प्रमाण पेश नभएको हुँदा प्रमाण पेश गर्ने अन्यथा खर्च नगरेको रकम फिर्ता गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रु.

क्र.सं.	**विद्यालयको नाम**	**CUG सेवा अनुदान**		
		विद्यार्थी संख्या	**दर**	**जम्मा रकम**
१	श्री त्रिभुवन मा.वि.गौशालाबजार(१-१२)	८३१	१२५	३११६२५
२	श्री जनतामा.वि.भरतपुरखोर(१-१२)	८४८	१२५	३१८०००
३	श्रीमा.वि.निगौल(१-१२)	७५२	१२५	२८२०००
४	श्री जनतामा.वि.रजखोर(१-१२)	५४९	१२५	२०५८७५
५	श्रीराष्ट्रिय मा.वि.कान्तिबजार(१-१२)	७२२	१२५	२७०७५०
६	श्रीमा.वि.फेडियाही फुलकाहा(१-१०)	३८९	१२५	१४५८७५
७	श्रीमा.वि. रामनगर(१-१०)	२८९	१२५	१०८३७५
८	श्रीविरेन्द्र मा.वि.वेलगाछी(१-१०)	२४३	१२५	९११२५
९	श्रीसरस्वति आ.वि.भन्टाबारी(१-९)	२०९	१२५	७८३७५
१०	श्री रा.मा.वि.नबराजपुर (१-९)	२४१	१२५	९०३७५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				११	श्रीने.रा.ज.आ.वि. कालिपुर (१-८)	९२	१२५	३४५००		
				१२	श्री जनताआ.वि.कनकपुर (१-८)	१९४	१२५	७२७५०		
				१३	श्री रा.नि.मा.वि.बान्हटोल (१-८)	९५	१२५	३५६२५		
				१४	श्री जनतारा.आ.वि. इटाटार (१-८)	८२	१२५	३०७५०		
				१५	श्रीमुन्निमिस्री ज.आ.वि.परोरिया (१-८)	१५०	१२५	५६२५०		
				१६	श्रीने.रा.ज.आ.वि. वहादुरगंज-7 (१-८)	११४	१२५	४२७५०		
				१७	श्री ज.प्रा.वि.भरतपुर-3 (१-५)	९१	१२५	३४१२५		
				१८	श्री जनताआ.वि.ढल्केवर (१-६)	४७	१२५	१७६२५		
				१९	श्री जनताप्रा.वि.कुशमाडी (१-५)	४७	१२५	१७६२५		
				२०	श्रीरा.आ.वि.जमुनिया (१-७)	८३	१२५	३११२५		
				२१	श्री रामप्रा.वि.गौशाला (१-४)	१८	१२५	६७५०		
				२२	श्रीरामचन्द्र प्रा.वि. लक्ष्मिनिया (१-५)	४४	१२५	१६५००		
				२३	श्रीने.रा.जनजाती प्रा.वि.मनहर्वा(१-४)	३५	१२५	१३१२५		
				२४	श्रीरा.ज.प्रा.वि.लक्ष्मिनिया-8(१-५)	४०	१२५	१५०००		
				२५	श्री जनताप्रा.वि.जयपुर(१-५)	४०	१२५	१५०००		
				२६	श्रीरा.प्रा.वि.बडेर्वा(१-५)	२६	१२५	९७५०		
				२७	श्रीरा.फु.ज.प्रा.वि.लक्ष्मिनिया(१-५)	४२	१२५	१५७५०		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				२८	श्रीबालकल्याण प्रा.वि.निगौल(१-४)	२०	१२५	७५००	
				जम्मा		**६३३३**	**१२५**	**२३७४८७५**	
३४			**प्रकोप व्यवस्थापन (कोभिड खर्च)**						

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४.१</td><td></td><td></td><td>
आ.ब २०७७।७८ को आषाढ मसान्तसम्म प्रकोप व्यवस्थापन तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः
<table>
<tr><th>बजेट/आम्दानीको स्रोत</th><th>रकम</th><th>खर्च शीर्षक</th><th>रकम</th></tr>
<tr><td>संघीय सञ्चित कोषबाट</td><td></td><td>राहात वितरण दाउरा खरिद तथा त्रिपाल खरिद</td><td>३६७१७५</td></tr>
<tr><td>अल्या रकम</td><td>१३५७०२५</td><td>क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन</td><td>१८५१४३</td></tr>
<tr><td>स्थानीय तहको बजेटबाट विनियोजित</td><td>४५०००००</td><td>आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन</td><td>१९२३९७</td></tr>
<tr><td>संघीय कोभिड कोषबाट</td><td></td><td>जनशक्ति परिचालन</td><td>४९४७११</td></tr>
<tr><td>प्रदेश कोभिड कोषबाट</td><td></td><td>औषधि एवं स्वास्थ्य उपकरण खरिद</td><td>२१३०५४१</td></tr>
<tr><td>अन्य स्रोतबाट प्राप्त</td><td>१६०५२८९</td><td>क्वारेन्टिन र अस्पतालमा खाना खाजा</td><td>७५४१५६</td></tr>
<tr><td></td><td></td><td>पि.सि.आर तथा भ्याक्सिन खर्च</td><td>१९२४३२</td></tr>
<tr><td></td><td></td><td>आर्थिक सहायता तथा डस्टविन खरिद</td><td>४४८९९५</td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td>२६९६७६४</td></tr>
<tr><td>जम्मा</td><td>७४६२३१४</td><td>जम्मा</td><td>७४६२३१४</td></tr>
</table>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले कोभिड व्यवस्थापन कार्यक्रम अन्तर्गत रु. २१,३०,५४१/- मुल्यका बिभिन्न प्रकारका औषधी तथा स्वास्थ्य उपकरण सौझै खरिद गरेको छ । औषधी उपकरण खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ सोझै खरिद गरेको छ । साथै क्वारेन्टाइन र अस्पतालमा बिरामी एवं स्वास्थ्यकर्मीलाई खाना खाजा वितरणको खर्च लेख्दा अभिलेख राख्नु पर्नेमा अद्यावधिक गरी राखेको छैन । प्रतिस्पर्धात्मक बिधिबाट औषधी तथा उपकरण खरिद गर्ने र सेवाग्राहीको अद्यावधिक अभिलेख राखेर मात्र विविध खर्च गर्नु पर्दछ ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४.२			**वार्षिक प्रतिवेदन :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
३५			**पेश्की :**	
३५.१			**पेश्की बाँकी:-** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फर्स्यौट गर्ने व्यवस्था रहेको छ । पालिकामा गत आर्थिक वर्षको फर्स्यौट हुन बाँकी पेश्की रु.३९,५४,०९०/- रहेकोमा चालु आर्थिक वर्षमा विभिन्न निर्माण व्यवसायी, पदाधिकारी र कर्मचारीलाई रु.२,४१,३४,०००/- दिइएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको मध्ये म्याद नाघेका पेश्की रु. २,१८,३४,०००/- नियमावलीको व्यवस्था अनुसार फर्स्यौट गर्नुपर्ने देखिएको रु.	२१,८३४,०००

सि.नं.	पेश्की लिएको मिति	गो.भौ.नं.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम	जम्मा बाँकी पेश्की		
					म्याद ननाघेको	म्याद नाघेको	जम्मा
	संस्थागत						
१	२०७८/०१/०६	५	विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	वीरेन्द्र माध्यमिक विद्यालय बेलगाछी ०८	१००००००	०	१००००००
२	२०७८/०१/०६	५	विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	श्री राष्ट्रिय माध्यमिक विद्यालय नवराजपुर	१००००००	०	१००००००
३	२०७८/०२/१३	४०३	धार्मिक तथा सांसकृतिक संरक्षण र सम्बर्दन खर्च	तराई मधेश सांस्कृतिक अनुसंधान प्रतिष्ठान	३०००००	०	३०००००
४	२०७८/०३/२३	१४	कोल्डस्टोर निर्माण	सगुन पारामाउण्ट जे.भी.		४४७७०००	४४७७०००
५	२०७८/०३/३०	१७०	मातृ तथा नवशिशु कार्यक्रम	स्वास्थ्य चौकी बेलगाछी	०	२००००	२००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय ६	२०७८/०३/३०	१७०	मातृ तथा नवशिशु कार्यक्रम	स्वास्थ्य चौकी व्यवस्थापन समिति कान्तिबजार गौशाला १२	०	१५०००	१५०००	बेरुजु रकम
			७	२०७८/३/२४	१६	नमूना विद्यालय	त्रिभुवन मा.वि. गौशाला		१५००००००	१५००००००	
			८	२०७८/३/२४	१७	रेरट्रो फिटिङ्ग	राष्ट्रिय आधारभूत मा.वि बडेरुवा		१५०००००	१५०००००	
				जम्मा				२३०००००	२१०१२०००	२३३१२०००	
				कर्मचारी							
			१	२०७७/१२/३०	८८	सञ्चार सामाग्री प्रसारण तथा छपाई (सञ्चार र पँहुच अभियान सञ्चालान)	बिनिता कुमारी यादव	०	११६०००	११६०००	
			२	२०७८/०१/१०	१००	आयुर्वेद प्राकृतिक चिकित्सा कार्यक्रमका लागि भवन निर्माण तथा संचालन खर्च	हेमन्त कुमार साह	०	२४८०००	२४८०००	
			३	२०७८/०२/१८	४०५	१२ वटै वडामा बाल संबेदनशिल अभिभावन कक्षा संचालन	अस्मिता कुमारी शर्मा	०	३१२०००	३१२०००	
			४	२०७८/०२/२५	४२६	विविध खर्च	रेखा देवी चौधरी	०	३००००	३००००	
			५	२०७८/०३/२२	४७६	कर्मचारीको बैठक भत्ता	सतिश यादव	०	२५०००	२५०००	
			६	२०७८/०३/२८	५१२	कर्मचारीको बैठक भत्ता	संजय कुमार सिंह	०	९१०००	९१०००	
				जम्मा				०	८२२०००	८२२०००	
				कुल जम्मा				२३०००००	२१८३४०००	२४१३४०००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५.२			राष्ट्रिय योजना आयोगबाट स्वीकृत वार्षिक कार्यक्रम तथा विभागद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ बमोजिम कार्यालयले कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । त्यसरी नै आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५०(४) मा आर्थिक वर्षको अन्तसम्ममा काम सम्पन्न नभई केबल बजेट फ्रिज हुन नदिने उद्धेश्यले मात्र कसैलाई पेश्की दिन वा धरौटीमा राख्न नहुने उल्लेख छ । कार्यालयले उपर्युक्त तालिका बमोजिम श्री त्रिभुवन मा.वि. गौशाला-5 लाई नमुना विद्यालय निर्माण गर्न रु.१,५०,००,०००/- र श्री राष्ट्रिय आ.वि. बडेर्वालाई रेट्रो फिटिङ गर्न रु. १५,००,०००/- समेत रु. १,६५,००,०००/- निकासा गरेकोमा तत्कालै बैंक खाता रोक्का राखेको र हाल सम्म पनि रोक्का अवस्थामा नै रहेको पाइयो । आथिक वर्षको अन्त्यमा बजेट फ्रिज हुन नदिने उद्धेश्य पेश्की दिने कार्यलाई पालिकाले नियन्त्रण गर्नु पर्ने देखिन्छ ।	
३६			**खरिद कारवाहीको अभिलेखः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>कार्य सम्पादन जमानत :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) बमोजिम खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्य सम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधि भन्दा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ । देहायका निर्माण कार्यको सम्झौता बमोजिम त्रुटि सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) ३६५ दिन राखेकोमा कार्य सम्पादन जमानतको म्याद सम्झौता अवधिसम्मका लागी मात्र रहेको छ । नियमावलीमा भएको व्यवस्था बमोजिम निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) अवधि खाम्ने गरी कार्य सम्पादन जमानत पेश गर्नु पर्नेमा घटी अवधिका लागी मात्र पेश गरेको छ । समयमै निर्माण व्यवसायीलाई कार्य सम्पादन जमानतको म्याद थप गर्न लगाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">ठेक्कानं</th><th rowspan="2">कामकोविवरण</th><th rowspan="2">सम्झौताअवधि</th><th colspan="4">कार्यसम्पादनजमानत</th></tr>
<tr><th>रकम</th><th>हुनुपर्ने</th><th>भएको</th><th>घटीअवधि</th></tr>
<tr><td>GAU/NCB/15/077/78</td><td>स्वास्थ्यचौकीभवनवडानं३</td><td>२०७८/४/२५</td><td>४५००००</td><td>२०७९।४।१५</td><td>२०७८।४।१५</td><td>१वर्ष</td></tr>
<tr><td>GAU/NCB/16/077/78</td><td>स्वास्थ्यचौकीभवनवडानं५</td><td>२०७८/४/२५</td><td>४५००००</td><td>२०७९।४।१५</td><td>२०७८।४।१५</td><td>१वर्ष</td></tr>
<tr><td>GAU/NCB/17/077/78</td><td>स्वास्थ्यचौकीभवनवडानं७</td><td>२०७८/४/२५</td><td>४५००००</td><td>२०७९।४।१५</td><td>२०७८।४।१५</td><td>१वर्ष</td></tr>
<tr><td>GAU/NCB/18/077/78</td><td>स्वास्थ्यचौकीभवनवडानं९</td><td>२०७८/४/२७</td><td>४५००००</td><td>२०७९।५।११</td><td>२०७८।५।११</td><td>१वर्ष</td></tr>
<tr><td>GAU/NCB/19/077/78</td><td>स्वास्थ्यचौकीभवनवडानं१०</td><td>२०७८/४/२७</td><td>४५००००</td><td>२०७९।५।११</td><td>२०७८।५।११</td><td>१वर्ष</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३८			**ईँटाको दरबिश्लेषणः-** निर्माण सम्बन्धी स्वीकृत नर्म्स अनुसार सिमेण्ट र बालुवाको १:४ जोडाइ भएको इटाको गाह्रो लगाउने कार्यमा प्रति घ.मी. गाह्रो लगाउन २२४*१०८*५७ एम.एम. साइजको इटा ५६० गोटा लाग्ने र इटाको साइज, आकार घटी बढी भएमा सोही अनुपातमा इटाको परिमाण घटी बढी हुने गरी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । काठमाण्डौ उपत्यकाभित्र उत्पादित ईँटाको तुलनामा तराईमा उत्पादित ईँटा ठुलो साइजको हुने भएकोले मुल्य समेत बढी रहेको छ । तराईको इटाको साइजका आधारमा प्रति घन प्रति घन मिटर गाह्रोका लागी ४३० इटा प्रयोग हुने देखिन्छ । नगरपालिकाले महोत्तरी जिल्लामा उत्पादित ईटाको दर रु. १३ का आधारमा दर विश्लेषण गरेको हुँदा आनुपातिक रुपमा रु. ४८,१२,०९६/- को ईँटा लाग्नु पर्नेमा रु. ६२,६६,९१५/- को ईँटाको लागत लागेको देखिन्छ । ४३० गोटा ईँटा प्रयोग गर्ने गरी दर बिश्लेषण गरेको भए देहाय अनुसार १११९०९ गोटा ईँटा कम भई रु.१४,५४,८१९/- लागत अनुमान कम हुने देखियो ।	

कामको विवरण	गाह्रोको परिमाण (घ.मि.)	५६० गोटाका दरले कुल इटा संख्या	४३० गोटाका दरले हुने इटाको संख्या	फरक इटा परिमाण (गोटा)	ल.इ.को ईँटाको मुल्य	फरक मूल्य
मुख्य भवन	६९९.६३	३९१७९२	३००८४०.९	९०९५१.९	१३	११८२३७४.७
गार्ड भवन	५.७८	३२३६.८	२४८४.४	७५१.४	१३	९७६८.२
कम्पाउण्ड वाल	१४७.५	८२६००	६३४२५	१९१७५	१३	२४९२७५
सेफ्टी ट्यांकी	७.९३	४४४०.८	३४०९.९	१०३०.९	१३	१३४०१.७
जम्मा		४८२०७०.४	३७०१६१.२	१११९०९.२		१४५४८२०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३९			**बोलपत्रको मूल्याङ्कन :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ मा निर्माण कार्यको बोलपत्रको विशेष मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ । बोलपत्रदाताले वि.ओ.क्यू.को आइटमको लागि अस्वाभाविक उच्च अंक वा अस्वाभाविक न्यून अंक उल्लेख गरेको अवस्थामा निजलाई स्पष्टिकरण सोधिने र त्यस्तो स्पष्टिकरण सन्तोषजनक नभएमा बोलपत्र अस्वीकृत गर्न सकिने उल्लेख छ । यो बर्ष बोलपत्र माग गरी सम्झौता गरेका १० ठेक्का मध्ये लागत अनुमानको तुलनामा ३० देखी ४६ प्रतिशतसम्म घटी अंकमा खरिद सम्झौता भएका छन् ।	

ठेक्का नं	कामको विवरण	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
GAU/NCB/03/076/77	नगरपालिका कार्यालयको प्रशासनिक भवन निर्माण	६२७७३९१२	४३७८७५३४	३०
GAU/NCB/10/077/78	खाल्टे देखी त्रिभुवन मा वि सम्मको सडक कालोपत्रे	३०३६२७६२	१७००८०५०	४४
GAU/NCB/15/077/78	स्वास्थ्य चौकी भवन वडा नं ३	३३३९९४५	२१५५९०१	३५
GAU/NCB/16/077/78	स्वास्थ्य चौकी भवन वडा नं ५	३३३९९४५	१९६६७९०	४१
GAU/NCB/17/077/78	स्वास्थ्य चौकी भवन वडा नं ७	३३३९९४५	२१०३६५१	३७
GAU/NCB/18/077/78	स्वास्थ्य चौकी भवन वडा नं ९	३३३९९४५	२१३३१०३	३६
GAU/NCB/19/077/78	स्वास्थ्य चौकी भवन वडा नं १०	३३३९९४५	२१२२२८४	३६
GAU/NCB/20/077/78	आयुर्वेद शिक्षालय भवन निर्माण	५३७३०६५२	३८९७०१७१	२७
GAU/NCB/21/077/78	कोल्ड स्टोर भवन निर्माण	५९७८६७४२	४४७७५९८८	२५
GAU/NCB/22/077/78	उद्योग ग्राम (कम्पाउण्डवाल) निर्माण	८४१४७१०	४५८५०११	४६

ज्यादै अस्वाभाविक रुपमा घटी कबोल गर्ने बोलपत्र पनि खरिद कानूनमा भएको व्यवस्था अनुसार बिशेष मूल्यांकन समेत नगरी स्वीकृत गरेको पाइयो। लागत अनुमानको तुलनामा ४६ प्रतिशतसम्म घटीको बोलपत्र स्वीकृत हुँदा तोकिएको स्पेसिफिकेशन र गुणस्तरमा काम गर्न सक्ने अवस्था रहन्छ भनी आश्वस्त हुन सकिने अवस्था छैन ।भवन तथा सडक निर्माण सम्बन्धी निर्माण कार्यको प्रतिस्पधार्मा ज्यादै घटेका तर कार्यालयले तोकिएको मापदण्ड र गुणस्तर अनुसार कार्य सम्पन्न हुन सक्ने ठहर्याएका निर्माण कार्यको स्वीकृत नर्म्स

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>लागत अनुमान त्रुटि रहित छ भन्न सकिने अवस्था छैन । कार्यालयले लागत अनुमान गर्दा सकेसम्म यथार्थ परक भएर गर्ने र लागत अनुमानको तुलनामा ज्यादै घटी अंकमा कबोल गर्ने निर्माण व्यवसायीले गर्ने कामको गुणस्तर परीक्षणमा बिशेष ध्यान दिन पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>न्यून प्रगती :- खरिद गर्दा सम्झौता अवधि भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता कार्यान्वयन गराउनु पर्दछ । कार्यालयबाट गत वर्ष र यस वर्ष खरिद सम्झौता भएका देहायका निर्माण कार्यालयमा अपेक्षित प्रगती हासिल भएको देखिएन । उल्लेखित तालिका अनुसार ६ वटा निर्माण कार्यको प्रगती शुन्य छ भने १ वटा ठेक्काको सम्झौता अवधि ८३ प्रतिशत व्यतित हुँदा प्रगती ५२ प्रतिशत मात्र देखिएको छ । समयमै निर्माण कार्य सम्पन्न गराउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।
<table>
<tr><th>क्रसं</th><th>ठेक्कानं</th><th>कामकोविवरण</th><th>सम्झौतारकम</th><th>सम्झौतामिति</th><th>सम्झौताअवधि</th><th>व्यतितसमय %</th><th>असारसम्मकोप्रगती %</th></tr>
<tr><td>१</td><td>GAU/NCB/03/076/77</td><td>नगरपालिका कार्यालयको प्रशासनिक भवन निर्माण</td><td>४३७८७५३४</td><td>२०७७।२।३०</td><td>१५महिना</td><td>८७</td><td>९६</td></tr>
<tr><td>२</td><td>GAU/NCB/10/077/78</td><td>खाल्टे देखी त्रिभुवन मा वि सम्मको सडक कालोपत्रे</td><td>१७००८०५०</td><td>२०७७।१०।८</td><td>६महिना</td><td>८३</td><td>८३</td></tr>
<tr><td>३</td><td>GAU/NCB/15/077/78</td><td>स्वास्थ्य चौकी भवन वडा नं ३</td><td>२१५५९०१</td><td>२०७७।१०।२५</td><td>६महिना</td><td>८३</td><td>०</td></tr>
<tr><td>४</td><td>GAU/NCB/16/077/78</td><td>स्वास्थ्य चौकी भवन वडा नं ५</td><td>१९६६७९०</td><td>२०७७।१०।२५</td><td>६महिना</td><td>८३</td><td>०</td></tr>
<tr><td>५</td><td>GAU/NCB/17/077/78</td><td>स्वास्थ्य चौकी भवन वडा नं ७</td><td>२१०३६५१</td><td>२०७७।१०।२५</td><td>६महिना</td><td>८३</td><td>०</td></tr>
<tr><td>६</td><td>GAU/NCB/18/077/78</td><td>स्वास्थ्य चौकी भवन वडा नं ९</td><td>२१३३१०३</td><td>२०७७।१०।२७</td><td>६महिना</td><td>८३</td><td>५२</td></tr>
<tr><td>७</td><td>GAU/NCB/19/077/78</td><td>स्वास्थ्य चौकी भवन वडा नं १०</td><td>२१२२२८४</td><td>२०७७।१०।२७</td><td>६महिना</td><td>८३</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

८	GAU/NCB/20/077/78	आयुर्वेद शिक्षालय भवन निर्माण	३८९७०१७१	२०७८।३।३	१५महिना	७	०
९	GAU/NCB/21/077/78	कोल्ड स्टोर भवन निर्माण	४४७७५९८८	२०७८।३।३	१५महिना	७	०

४१

भेरिएशन :- सार्वजनिक खरिद ऐन, २०६३ को नियम ५४(१) बमोजिम खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(२) बमोजिमको विवरण खुलाई त्यस्तो भेरिएशन स्वीकृत गर्ने अधिकार भएको सार्वजिनक निकायको प्रमुखले प्रमाणित गराउनु पर्ने व्यवस्था छ । साथै नियम १२३ बमोजिम खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा सम्झौताका शर्त बमोजिम भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले 03/076/77 नगरपालिका कार्यालयको प्रशासनिक भवन निर्माण वापत हालसम्म ४,१८,६९,८२३/- भुक्तानी गरेकोमा देहायका आइटममा सम्झौता भन्दा बढी परिमाण कामको भुक्तानी हुँदा समेत भेरिएशन स्वीकृत गराएको छैन । मुख्य भवन, कम्पाउण्ड वाल र सेनेटरी सम्बन्धी कार्यमा २९ देखी ६०२ प्रतिशतसम्म बढी परिमाणको भुक्तानी गरेको छ । डिपिआरमा नभएका कतिपय आइटम थप गर्नु परेको, डिपिआरका आधारमा नै लागत अनुमान तयार गरेकाले कतिपय आइटमको परिमाण फरक पर्न गएको, अन्तिम बिल भुक्तानी गर्नु अगाडि भेरिएशन आदेश स्वीकृत गराउने कार्यालयको भनाइ रहेको छ ।

काम	विवरण	इकाई	सम्जौता		मूल्याङ्कन	फरक		
			परिमाण	दररु.	परिमाण	परिमाण	रकम	प्रतिशत
Main Building	First Brick soling works	Sq.m	407	७००	782	-375	-२६२४६५	-९२
	PCC 1:2:4	cum	31	९००००	101	-71	-६३६६६०	-२३२
	Backfill	cum	185	४००	420	-235	-९४०२०	-१२७
	12.5 thick plaster in ceiling	Sq.m	334	४००	917	-583	-२३३२८०	-१७५
	12.5 thick plaster in wall	Sq.m	1264	४००	4135	-2871	-११४८२८०	-२२७
	Trust work	Kg.	4781	१४०	6764	-1983	-२७७६८०	-४१
Sanitary work	Flat brick soling	Sq.m	0		17	-17		

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय											बेरुजु रकम
								७००			-११७१८	-१००		
					Earthwork in excavation	cum	3	२५०	6	-3	-७०४	-८७		
					Earthwork filling	cum	1	२००	9	-8	-१५६४	-६०२		
					Brick works in 1:4 cement mortar	cum	6	११०००	8	-2	-२३९८०	-३८		
					Seasoned sal wood doors and windows	cum	0	१२०००	1	-1	-८४००	-८७५		
				Boundary wall	Earthwork in excavation	cum	198	२५०	256	-58	-१४४४८	-२९		
					Earthwork in filling	cum	40	२००	133	-93	-१८६९२	-२३६		
					PCC	cum	17	८०००	25	-8	-६५०४०	-४९		
४२			**बढी भुक्तानी:-** सडक बिभागको नर्म्स अनुसार सडक कालोपत्रे गर्दा सडकमा बिटुमिनस् प्राइम कोट र ट्याक कोटको स्प्रे (खपत) दर प्रति बर्गमिटर क्रमशः १ लिटर र ०.६ देखी ०.९ लिटर रहेको छ । नगरपालिकाले ठेक्का नं GAU/NCB/10/077/78 (खाल्टे देखी त्रिभुवन मा. वि. सम्मको सडक कालोपत्रे) कार्यका लागी लागत अनुमान तयार गर्दा प्रति घनमिटर बिटुमिन ०.७ र नाप जाँच गर्दा ०.७५ राखी मूल्याङ्कन गरेको छ । सडक विभागले निर्धारण गरेको नर्म्स भन्दा ०.१५ प्रति घ.मि. बिटुमिन ट्रयाककोड राखी भुक्तानी गर्दा देहाय अनुसार रु. १२८२७८/- निर्माण व्यवसायी सूर्य स्काइलाइनलाई बढी भुक्कतानी भएको छ । नर्म्स फरक पारी बढी भुक्तानी गरिएको रकम असुल हुनु पर्ने रु.											१२८,२७८

विवरण	संख्या	लम्बाइ	चौडाइ	उचाइ	परिमाणघ. मि.	बढीअनुपात	विटुमिनलि.	दर	रकम
ट्रयाककोड	१	१७२०	५.५		९४६०	०.१५	१४१९	८०	११३५२०
मूल्यअभिबृद्धिकर									१४७५८
कुलजम्मा									१२८२७८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३			**उपभोक्ताको काम:-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ।पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।	
४४			**योजनाको प्रगती :-** खरिद गर्दा सम्झौता अवधि भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता कार्यान्वयन गराउनु पर्दछ । कार्यालयबाट यस वर्ष उपभोक्ता समिति मार्फत काम गरिएका १३६ योजनाहरु मध्ये ५ योजनाको प्रगती ५० प्रतिशत भन्दा न्यून, ७ योजनाको प्रगति ५१ देखी ७५ प्रतिशतसम्म देखिएको छ भने बाँकी १२४ योजनाको प्रगती ७६ प्रतिशत देखी शतप्रतिशतसम्म रहेको छ । सम्झौता भएका सबै योजनाहरुको लक्ष्य अनुसार प्रगती हासिल गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
४५			भौ.नं. १८५ मिति २०७८/३/२६ बाट ह्यूम पाइप एण्ड कंक्रिट पोल्स इण्डस्ट्रीजबाट २८ थान एन-३ ६० एम एम ह्यूम पाइप प्रति घ.मि.१५४३५/- का दरले जम्मा रु. ४,३२,२०२/- मूल्य बराबरका ह्यूम पाइप खरिद गरी वडा नं. ६ लाई हस्तान्तरण गरकोमा उक्त पाइप कुन योजनामा प्रयोग भएको हो सो को नापी किताब र मूल्याङ्कन पेश भएन । खरिद गरिएका ह्यूम पाइप विछ्याएको प्रमाण पेश हुनु पर्ने रु.	४३२,२०२

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td></td><td></td><td>दर विश्लेषण – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम (९) को अधिनमा रही तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पचाइन पोखरी पार्क जाने बाटोको कल्भर्ट निर्माण कार्यको लागत अनुमान तयार गर्दा माटो खन्ने कार्य ज्यामीद्वारा गरी दर विश्लेषण गरी लागत अनुमान तयार गरेको छ । उक्त कार्यको लागि उपभोक्ता समितिले पेश गरेको बिल भरपाई परीक्षण गर्दा स्काभेटर प्रयोग गरी माटो खन्ने काम गरेको पाइयो । उपभोक्ता समितिले माटो खन्ने कार्य मेसिनबाट गरेको तर प्राविधिकबाट लागत अनुमान तयार गर्दा ज्यामीद्वारा गर्ने गरी दर विश्लेषण गरेको कारणबाट योजनाको लागत बढ्न गई कार्यालयलाई थप व्ययभार परेको रु.
<table>
<tr><th>माटो खनेको परिमाण (घ.मी)</th><th>ज्यामी द्वारा माटो खन्दा लाग्ने दर (प्रति घ.मी)</th><th>मेसिनद्वारा माटो खन्दा गर्दा लाग्ने दर (प्रति घ.मी)</th><th>फरक रकम</th><th>कार्यालयले व्यहोरेको रकम</th></tr>
<tr><td>११५.५०</td><td>६७५.४०</td><td>२५४.६१</td><td>४८६०१.२५</td><td>४६१७१</td></tr>
</table></td><td>४६,१७१</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>बिल भर्पाई: आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. ८-२०७८/२/२७ (संघीय सशर्त) बाट आधारभूत स्वास्थ्य चौकी निर्माण वडा नं. ९ को प्रथम रनिङ बिल रु. ३२००/- भुक्तानी गर्दा होर्डिङ बोर्ड र गुणस्तर परीक्षणबापतको रकम बिल संलग्न गरी भुक्तानी नरेकोले सोको बिल पेश गर्नुपर्ने रु.</td><td>३,२००</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>बढि भुक्तानी: गो.भौ.नं. २३०-२०७८-३-२९ (नंपा. पूँजीगत) पालिकाले मिर्मिरे आधारभूत विद्यालय अधुरो भवन निर्माणको कार्य सम्पन्न भए पश्चात कार्यको मूल्याङ्कन गर्दा भित्ता प्लाष्टर गर्ने कार्यको नापजाँच गर्दा ४ वटा ढोका र १० वटा झ्यालले ओगटेको जम्मा क्षेत्रफल २५.३८ व.मि. घटाउनु पर्नेमा सो नघटाएकोले २५.३८ व.मि. को प्रति व.मि. २९२.६२ का दरले हुन आउने रु.७४२६/- बढी भुक्तानी भएको हुँदा उपभोक्ता योगदानको ५% कट्टा गरी असुल हुनुपर्ने रु.</td><td>७,०५५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९			**जटिलसंरचना निर्माण:** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले डिप बोरिङ्ग निर्माणको लागी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ता समितिले उक्त कार्य ड्रिलीङ्ग कम्पनीहरुलाई लगाइ गरेको देखिन्छ । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फmत् गराउन उपयुक्त हुने देखिन्छ । भौ. नं./मिति | उपभोक्ता समितिको नाम | डिपबोरिङ्ग संख्या | भुक्तानी रकम १९४/२०७८/३/२७ | पन्चधुरा डिप बोरिङ्ग निर्माण उस | ६ | ३७८०८५१ २१३/२०७८/३/२८ | डिपबोरिङ्ग जडान उस | ४ | २२७९५०० २३४/२०७८/३/२९ | गंगाजल सिंचाई उस | २ | १२१२३४६ २४०/२०७८/३/३० | नयाँ डिप बोरिङ्ग जडान उस | ५ | ३२३९८८९ २४१/२०७८/३/३० | नगर जल डिप तथा मध्य डिप बोरिङ्ग उस | ११ | ४५४६८१४ २४२/२०७८/३/३० | पारिजात सिंचाइ डिप बोरिङ्ग जडान उस | ११ | ४२१९५०० जम्मा | | ३९ | १९२७८९०० उल्लेखित खर्चको कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार छन् :	
५०			**लागत अनुमान :-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ मा निर्माण कार्यको हकमा रु. १ लाख भन्दा बढी रकमको कामको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले डिप बोरिङ्ग कार्यको लागी लागत अनुमान तयार गर्दा दर बिश्लेषण नगरी ६ ईन्चको डिप बोरिङ्गको लागी प्रति मिटर रु. ७०००/- का दरले हुने गरी कार्यपालिकाबाट दर स्वीकृत गराई सोही बमोजिम लागत अनुमान तयार गरेको छ । निर्माण कार्यको लागी मन्त्रालयबाट स्वीकृत भएको नर्म्स एवं नगर दररेट निर्धारण समितिबाट स्वीकृत दरदेट बमोजिम दर विश्लेषण गरी निर्माण कार्यको लागत अनुमान तयार गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१			**निर्माण कार्यको गुणस्तर :-** उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्नै, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर कार्यालयले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ ।	
५२			**बिल भरपाइ : -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाइ, प्रमाण र अन्य कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । नगरपालिकाले उपभोक्ता समिति मार्फत डिप बोरिङ्गको कार्य गराउँदा ड्रीलिङ्ग कम्पनीको बिल बिजकमा उल्लेखित डिप बोरिङ्ग गरेको परिमाण भन्दा बढी परिमाणमा नापी देखाई देहाय बमोजिम रु. १,८४,३२९/- बढी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जिम्मेबार बनाई उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.	१८४,३२९

भौ.नं. र मिति	उपभोक्ता समितिको नाम	बिजक बमोजिमको परिमाण (मि)	नापी किताब बमोजिमको परिमाण	दर	कार्यालयले व्यहोर्ने प्रतिशत	बढी भुक्तानि
२१३/२०७८/३/२८	डिप बोरिङ्ग जडान उ स	२२०	२३४.२	७०००	८९.७३	८९१९२
२३४/२०७८/३/२९	गंगाजल डिपबोरिङ्ग उ स	१२०	१२४.९	७०००	८९.७३	३०७७७
२४१/२०७८/३/३०	नगरजल डिप तथा मध्य डिप बोरिङ्ग सिंचाइ उ स	६२५	६३५.२५	७०००	८९.७	६४३६०
जम्मा						१८४३२९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५३			**बढी मूल्य अभिबृद्धिकर भुक्तानी :-** नगरपालिकाले डिप बोरिङ्ग निर्माणको लागी लागत अनुमान तयार गर्दा निर्माण सामग्रीको स्वीकृत दरमा १३ प्रतिशतले हुने मूल्य अभिबृद्धि कर वापतको रकम समावेश गरी निर्धारण गरेको पाइयो । नगरपालिकाले डिपबोरिङ्गको लागी आवश्यक ७.५ हर्सपावरको प्यानलबोर्डको लागी मू.अ.कर समेत प्रति सेट रु.५९३२५/- लागत अनुमान तयार गरी सोही बमोजिम निर्माण कार्यको भुक्तानि दिएकोमा संलग्न बिजक अनुसार उपभोक्ता समितिहरुले खरिद गरेको दर घटी रहेको पाइयो । उपभोक्ता समितिहरुबाट निर्माण कार्यको रनिङ्ग बिल भुक्तानीका लागी पेश भएको बिल बिजक अनुसार त्यसरी निर्माण सामग्रीको दरमा भिन्नता भएको कारण लागत अनुमानमा समावेश भएका त्यस्ता निर्माण सामग्री मू अ कर भन्दा उपभोक्ताले यथार्थरुपमा आपुर्तिकर्तालाई तिरेको मू अ कर घटी रहेको देखिन्छ । उपभोक्ता समितिलाई बढी भुक्तानी देखिएको मू अ कर रु. ३०३०9 असुल हुनुपर्ने रु.	३०,३०९
५४				
५४.१			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत सहित ५६ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २३ जना स्थायी पदपूर्ती भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने हुनाले रिक्त पदहरू यथाशिघ्र छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।	
५४.२			**इन्धन खर्चः-** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ दफा ७(२) बमोजिम सवारी साधन उपलब्ध गराएकोमा अनुसुची बमोजिम प्रमुख तथा उप-प्रमुखले मासिक १२५ लिटर इन्धन र १० लिटर मोबिल, तथा वडा अध्यक्षले मासिक ३० लिटर इन्धन र २ लिटर मोबिल पाउने तथा प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ दफा १७ अनुसार अनुसुची ४ बमोजिम कार्यालय प्रमुखले मासिक ७० लिटर र राजपत्राकिंत तृतीय श्रेणी वा सो सरहका कर्मचारीले मासिक १० लिटर इन्धन पाउने भन्ने उल्लेख छ । कार्यालयले यस वर्ष कुपन सिष्टम प्रयोग गरेतापनि उल्लेखित व्यवस्थाको पालना नगरी (पदाधिकारी रु.७,९२,०००।- र कार्यालय प्रयोजन रु.१६,५०,०००।-) रु.२४,४२,०००।- इन्धन खर्च गरेको देखिन्छ । इन्धन खर्चको मापदण्ड तयार गरी इन्धन खर्चलाई मितव्ययी बनाउन उल्लेखित कनुनको पालना गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
५४.३			**भ्रमण अभिलेखः-** भ्रमण खर्च नियमावली, २०६४ को दफा २१ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसुची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष विभिन्न कर्मचारी तथा पदाधिकारीहरुलाई भ्रमण गर्दा भ्रमण अभिलेख नराखी रु.८,७१,०००/- भुक्तानी गरेको देखिन्छ । नियमावलीमा भएको व्यवस्था अनुसार भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र खर्च लेख्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५४.४			**मर्मत अभिलेखः-** जिन्सी सामानको मर्मत गर्दा फेरिएको नयाँ सामान, मूल्य, मर्मत गर्ने व्यक्ति वा फर्म, मर्मत संभारको निरीक्षण/प्रमाणित गर्नेको नाम र हस्ताक्षर समेत खुल्ने गरी मर्मत संभार तथा संरक्षण अभिलेख म.ले.प.फा.नं. ४१५ राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष मर्मत अभिलेख खाता नराखी रु.१२,२८,०००।÷ को मेशिनरी तथा औजार मर्मत खर्च गरेकोले सो खाता राखेर मात्र खर्च गर्नुपर्ने देखिन्छ ।	
५५			भौ.नं. १२७।२०७७।९।८ बाट मिति २०७७।८।१६ मा जिल्ला एम्बुलेन्स संचालन समितिको बैठक भत्ता रु.१९,५००। मा १५ प्रतिशत कर कट्टी गरी रु. १६५७५/- भुक्तानी भएकोमा भत्ता रकम बुझेको भरपाई पेश भएन । बैठक भत्ता बुझेको भरपाई पेश हुनु पर्ने अन्यथा असुल हुनुपर्ने रु.	१६,५७५
५६			**अनुदान**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६.१			**अनुदान फिर्ता :-** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका निम्नानुसार अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित संचितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले देहाय अनुसार अनुदानको रकम आर्थिक वर्षको अन्त्यमा फिर्ता गरेको छ । आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको मौज्दात रु. २७,०७,२४,१३३/- मध्ये प्रदेश शसर्तको फिता गर्न बाँकी अनुदान रु.५०,००,०००/- भौ.नं. १२५/२०७८/९/२५ मा रु. ३८,०६९/- कर दाखिला गरेको छ भने रु. ४९,६१,९३१/- प्रदेश लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरेको छ । पालिकाले आर्थिक वर्ष समाप्त भएको ६ महिना पछि मात्र अनुदानको रकम फिर्ता गरेको छ । समयमै यस्तो रकम फिर्ता गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।	

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी मध्ये संचितकोष फिर्ता	फिर्ता मिति	फिर्ता गर्न वाँकी रकम
संघीय सरकार	शसर्त	२८३५५७८१०	२०६३१४०७९.६२	७७२४३७३०.५१	२०७८/३/३०	
	विषेश	२००००००००	०	२००००००००	२०७८/३/३०	
	समपुरक	१०४०००००	४४७७०००	५९२३०००	२०७८/३/३०	
प्रदेश सरकार	शसर्त	८००००००	०	३000000	२०७८/३/३०	
				५000000	२०७८/९/२५	
	विषेश	३००००००	२०८६६०७.३१	९१३३९२.६९	२०७८/३/३०	
	समपुरक	२००००००	१८२९६६३	१७०३३७	२०७८/३/३०	
	जम्मा	३२६९५७८१०	२१४७०७३४९.९३	११२२५०४६०.२		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६.२			संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित संचितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ।साथै उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालय र नगरपालिकाबीच औद्योगिक ग्राम स्थापना गर्ने गराउने सम्बन्धमा मिति २०७७/१२/१७ मा भएको समझदारी पत्रको दफा नं. ११ मा यस आर्थिक वर्ष २०७७/७८ मा खर्च हुन नसकि बाँकी रहेको रकम नियमानुसार हुने व्यहोरा उल्लेख छ । यस वर्ष उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालयले गौशाला नगरपालिका वडा नं. ७ बहादुरगञ्जमा रहेको कित्ता न्. १२२, क्षेत्रफल १२-१-०५ विगाहा जग्गामा औद्योगिक ग्राम स्थापना गर्न पूर्वाधार विकास गर्ने कार्यको लागी रु.९२०००००/- पठाएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त रकम खर्च नभइ बाँकी रहेको छ । खर्च नभएको रकम नियमानुसार संघिय सञ्चितकोषमा दाखिला हुनुपर्ने देखिएको रु.	९,२००,०००
५७			**CUG को बाँकी रकमः** क्लोजर युजर ग्रुप CUG अन्तर्गत निकासा भएको रकम मध्ये राष्ट्रिय मावि बहादुरजंग बटौवाले कार्यक्रम सञ्चालन गरेको पाइयो । विद्यालयले पेश गरेको विल भर्पाइ परीक्षण गर्दा १०२ जना विद्यार्थीको लागि क्लोजर युजर ग्रुप CUG सञ्चालन बापत नेपाल टेलिकम लाई रु. ३९,४५५/- भुक्तानी दिएको देखिएकोले कुल निकास रु.१,०२,०००/- मध्ये बाँकी रकम फिर्ता गरी संचिकोष दाखिला गर्नुपर्ने रु.	६२,५४५
५८			**दृष्टिविहिन आवासिय छात्रवृतिः** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत स्थानीय तह र प्रदेश कार्यालयमा सर्सत अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यन्वय हुने शिक्षा कार्यक्रम सँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं७.२.१.१ अनुसार आवास बसी अध्ययन गर्ने विद्यार्थिहरुको लागि प्रति विद्यार्थि रु.४०००। को दरले १० महिनाको रु.४००००। अनुदान उपल्बध गराउने र यसरी उपलब्ध गराएको रकम प्रति विद्यार्थि ५००० को दरले व्यात्तिगत सरसफाइ सामाग्री खरिद गर्न भर्पाइ गरी नगदै उपलब्ध गराउने व्यवस्था सोहि क्रियकलाप को ४.१.४(ङ)मा व्यवस्था छ । यस पालिका अन्तर्गत सञ्चालन भएको दृष्टिविहिन छात्रावबासको लागि त्रिभुवन माध्यमिक विद्यालयको लागि प्रति विद्यार्थी रु.४०००/- को दरले दश महिनाको रु. ४०,०००/- गरि ११ जना विद्यार्थिको लागि रु. ४,४०,०००/- निकासा दिएकोमा विद्यार्थिले पाउने रकम विद्यार्थीलाई भुक्तानी दिएको पाइएन । विद्यालयमा निकासा भएको रकम बाट छात्रावास सञ्चालनको लागि खर्च गरेको तर रु.५,०००/- को दरले विद्यार्थिले पाउने रकम ११ जनाको हुन आउने रु. ५५,०००/- विद्यार्थिलाई वितरण गरी भर्पाइ पेश हुन पर्ने रु.	५५,०००
५९			**आवासीय छात्रवृत्तिः** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत स्थानीय तह र प्रदेश कार्यालयमा सर्सत अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यन्वय हुने शिक्षा कार्यक्रम सँग सम्बन्धित कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं ७.२.१.१ को ४.१.२ अनुसार छात्रवासमा बसी अध्ययन गर्ने विद्यार्थिको लागि प्रति विद्यार्थी ४ हजारको दरले १० महिनाको रु. ४० हजार व्यवस्था छ । पालिकाले आवास बसी अध्ययन गर्ने ११ जना विद्यार्थीको लागि प्रति विद्यार्थी रु. ४०,०००/- को दरले त्रिभुवन माध्यमिक विद्यालयलाई रु. ४,४०,०००/- निकासा दिएको छ । उक्त खर्चको सम्बन्धमा पालिकाबाट अनुगमन भए प्रतिवेदन समेत पेश हुनु पर्ने रु.	४४०,०००
६०				

